"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"
दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
कोशी प्रदेश, नेपाल

फोनः ०२३-५८००४४, ५८०१३७, ५८०५०२
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०८१/८२
च.नं. ६६४९

मिति – २०८२।०१।१५

वडा कार्यालय सबै
दमक नगरपालिका
दमक, झापा

**बिषयः- आ.ब. २०८२/०८३ को आयोजना तथा कार्यक्रम छनौटको मार्गदर्शन तथा सिलिङ पठाईएको वारे**

दमक नगर कार्यपालिकाको मिति २०८२।०१।०७ गतेको श्रोत अनुमान तथा सिमा निर्धारण समितिको बैठकबाट पारित आर्थिक बर्ष २०८२/०८३ को आयोजना / कार्यक्रम छनौट गर्दा अपनाउनु पर्ने देहाय अनुसारका मार्गदर्शन तथा बजेट सिलिङ पठाईएको छ। मार्गदर्शन तथा बजेट सिलिङ भित्र रही तोकिएको प्राथमिकताका आधारमा विषयगत समितिहरुसँग सहकार्य तथा समन्वय गरी २०८२/०८३ का लागि आयोजना / कार्यक्रम छनौट गरी (मिति २०८२।०२।१५ गते भित्र) छनौट गरिएका आयोजना / कार्यक्रमहरु यस कार्यालयको योजना प्रशासन शाखामा उपलब्ध गराई दिनु हुन निर्णयानुसार अनुरोध गरिन्छ।

नोटः *तोकिएको सिमा भन्दा वढीको आयोजना तथा कार्यक्रम आएमा अन्तिम प्राथमिकताबाट सिमा भित्र स्वतह मिलान हुने व्यहोरा अनुरोध छ*

## मार्गदर्शन

❖ **आयोजना / कार्यक्रम छनौट गर्ने मुल प्राथमिकताका आधारहरु**

१. बहु वर्षिय नगर गौरबका आयोजनाहरु।
२. बहु वर्षिय गौरबका आयोजनाहरु।
३. अपुरा आयोजनाहरु।
४. रोजगारी र स्वारोजगारी सृजना हुने प्रकृतिका आयोजना / कार्यक्रम।
५. मौलिक हक कार्यान्वयनमा सहयोग पुग्ने पूर्वाधारहरु / कार्यक्रमहरु।
६. २५ वर्षे गुरु योजना / आवधिक योजना लगायतका क्षेत्रगत लक्ष्य पुरा गर्ने आयोजना / कार्यक्रमहरु।
७. १६ औ नगरसभाले संकल्प गरेका आयोजना / कार्यक्रमहरु।
८. जन सहभागिता हुने आयोजनाहरु।
९. "मितेरी" आयोजनाहरु।
१०. मुल प्रवाहिकरण गर्नका लागि प्रभावकारी हुने आयोजना / कार्यक्रमहरु।
११. स्थानीय पर्यटन / खेल पर्यटन / रैथाने उत्पादन प्रवर्द्धन गर्ने पर्यटन लगायतका आयोजना/ कार्यक्रमहरु।
१२. युवाको सिप, श्रोत , पूजी र प्रविधिको समुचित प्रयोगद्धारा उद्यमशिलता प्रवर्द्धन आयोजना/ कार्यक्रमहरु।
१३. प्रतिभाहरुलाई देशमा अड्याउने आयोजना / कार्यक्रमहरु।
१४. बैदेशिक रोजगारीबाट फर्किएका पाखुरी र प्रतिभाहरुको नविनता सिपलाई सृजनामा रुपान्तरण गर्ने आयोजना / कार्यक्रमहरु।
१५. लिजा/ FRA लगायतले तोकेका सूचकहरु पुरा गर्ने आयोजना / कार्यक्रमहरु

❖ **पूर्वाधार निर्माण तर्फका आयोजनाका सम्बन्धमा**

- छीटो प्रतिफल दिने, रोजगारी सृजनामा सहयोग गर्ने, स्वरोजगारीका अवसरहरु सृजना गर्ने, वातावरणमैत्री दिगो विकासका लक्ष्यलाई सहयोग गर्ने आयोजनाहरु छनौट गर्ने।
- अधुरो आयोजनाहरु पुरा गर्ने।
- अधुरो हुने गरी आयोजनाहरु छनौट नगर्ने।
- आयोजना संचालन हुने स्थान एकिन भएपछी मात्र छनौट गर्ने।
- ५ लाख भन्दा वढी लागत भएको आयोजनाको संख्या ७० प्रतिशत हुनु पर्ने।
- नगर स्तरीय आयोजना घटिमा ३० लाख हुने गरी छनौट गर्ने प्राथमिकता दिने।
- निकासको एकिन गरी ढल सम्बन्धी आयोजना छनौट गर्ने।
- दुवै तर्फ नाला निर्माण भएका स्थानमा मात्र कालोपत्रे वा लकिङ टायल्सका आयोजना छनौट गर्ने।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

फोनः ०२३-५८००४४, ५८०३३७, ५८०५०२
www.damakmun.gov.np
info@damakmun.gov.np

- वडा सीमाक्षेत्रका आयोजना छनौट गर्दा सम्बन्धित वडाहरुसँग समन्वय गर्ने।
- सामुदायिक भवन, विद्यालय भवन लगायतका सार्वजनिक संरचना निर्माण गर्ने गरी आयोजना छनौट गर्दा जग्गाको स्वामित्व बुझेर मात्र गर्ने।
- सडक सम्बन्धी आयोजना छनौट गर्दा सडकको क्षेत्राधिकारमा कुनै विवाद भए नभएको एकिन गरी छनौट गर्ने।
- प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्ध गर्न सक्ने आयोजना छनौट गर्दा रोजगार सेवा केन्द्रसँग समन्वय गर्ने।
- वडा भित्रको भुगोल, जनसंख्या, जनसंख्याको वितरण, नागरिकलाई सेवा प्रवाह गर्ने अवयवहरुको विधमान अवस्थालाई मध्य नजर गरी सामाजिक न्याय हुने किसिमले आयोजना छनौट गर्ने।
- विकासका वहु आयमिक पक्षलाई सम्बोधन हुने किसिमका आयोजनाहरु छनौट गर्ने।

❖ **सामाजिक पुजी निर्माण हुने कार्यक्रमहरु छनौट गर्ने प्राथमिकताका आधारहरु**

- सामाजिक विकास तर्फका कार्यक्रम छनौट गर्दा शिक्षा र स्वास्थ्यलाई मुल प्राथमिकतामा राखी कार्यक्रम छनौट गर्ने।
- तालिम लगायतका कार्यक्रम संचालनका लागि छनौट गर्दा तत्काल प्रतिफल दिने/ रोजगारी / स्वरोजगारी प्रवर्द्धन गर्ने।
- वालमैत्री वडा तथा नगर निर्माणका लागि आयोजना तथा कार्यक्रम छनौट गर्ने।
- युवा उद्यमशिलता प्रवर्द्धनका लागि आयोजना तथा कार्यक्रम छनौट गर्ने।
- आर्थिक विकास तर्फका कार्यक्रम छनौट गर्दा अर्गानिक उत्पादन, प्रवर्द्धन, कृषिलाई आधुनिकिकरण गर्न सहयोग पुर्याउने यन्त्र उपकरण, स्थानीय उत्पादनलाई वजारिकरण गर्न सहयोग पुर्याउने कार्यक्रम छनौट गर्ने।
- नगदे वाली अन्तर्गत वेसार खेती लगायतका खेतीको प्रवर्द्धनमा सहयोग पुग्ने आयोजनाहरु लाई प्रथमिकता दिने।
- अक्षयकोष राख्ने प्रकृतीका आयोजनाहरु छनौट नगर्ने।
- समाजमा शान्ती, सद्भाव, सहकार्य हुने प्रकृतीका कार्यक्रमहरु मात्र छनौट गर्ने।
- रोजगारी सृजना हुने, स्वरोजगारीका अवसर प्राप्त हुने विपन्न पछाडि पारिएका वा परेको वर्ग र समुदायलाई मुल प्रवाहमा ल्याउन टेवा पुग्ने प्रकृतीका एवम् सामाजिक न्याय एवम् समानता कायम गर्न सहयोग पुग्ने कार्यक्रमहरु छनौट गर्ने।
- लागु पदार्थ दुर्व्यवसनी रोकथाम र न्यूनिकरण गर्ने कार्यक्रम छनौट गर्ने।
- दमक नगर खेलकुद महोत्सवद्धारा अनुशासित र चरित्रवान युवा निर्माण गर्ने।

➢ **बडागत बजेट सिलिङ निर्धारण गर्ने सुत्र**

| | |
|---|---|
| जनसंख्या | ४५% |
| क्षेत्रफल | ३५% |
| गरिबिको अवस्था | १०% |
| वडागत आम्दानी | १०% |

➢ **बडागत बजेट विनियोजन गर्ने क्षेत्रगत आधारहरु**

| | |
|---|---|
| पूर्वाधार | ६०% |
| आर्थिक विकास तथा स्वरोजगार प्रवर्द्धन | १० % |
| सामाजिक विकास, स्वास्थ्य तथा शैक्षिक सुधार | १३ % |
| वातावरण तथा विपद व्यवस्थापन | ४ % |
| मर्मत सुधार | ४ % |
| नगर स्तरीय चालु तथा पूजिगत आयोजनासँग साझेदारी | ९% |

❖ **६ नं वडाक ो बजेट विनियोजन गर्ने क्षेत्रगत आधार**

| | |
|---|---|
| पूर्वाधार | ५०% |
| आर्थिक विकास तथा स्वरोजगार प्रवर्द्धन | १० % |
| सामाजिक बिकास तथा शैक्षिक सुधार | १६% |
| वातावरण, विपद व्यवस्थापन | ५% |
| मर्मत सुधार | १०% |
| नगर स्तरीय चालु तथा पूजिगत आयोजनासँग साझेदारी | ९% |

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ सुन्दर र समृद्ध नगर"

# दमक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
कोशी प्रदेश, नेपाल

फोन: ०२३-५८००४४, ५८०१३७, ५८०५०२
www.damakmun.gov.np
info@damakmun.gov.np

## आ.व. २०८२।८३ का लागि दमक नगरपालिकाको वडागत बजेट बाँडफाड सिलिंग

| वडा न | जनसंख्या 45% | बजेट | क्षेत्रफल 35% | बजेट | गरिवि 10% | बजेट | वडागत अम्दानी 10% | बजेट | सुत्र बाँडफाड को जम्मा बजेट | थप न्युनतम अनुदान | वडामा जाने जम्मा बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १३७३८ | ४६१२३४५.८ | ३.६८ | १४५४१३४.९१४ | ५१४ | ८१४२५७ | ६५२६३७३ | ५९१४६९ | ७४७२२०७ | ८०००००० | १५४७२२०६ ८७ |
| २ | ११६३२ | ३९०५२८५ | ११.०९ | ४३८२१६२.०१ | ५१७ | ८१९०१० | ७२५८००८ | ६५७७७५ | ९७६४२३२ | ८०००००० | १७७६४२३१ ९६ |
| ३ | ११०३७ | ३७०५५२१.९ | २०.६१ | ८१४३९४५.८०९ | १०२९ | १६३००९९ | ५७१४५९१ | ५१७८९९ | १३९९७४६६ | ८०००००० | २१९९७४६५.७५ |
| ४ | ११२९७ | ३७९२८१३.४ | ९.५४ | ३७६९६८६.७०६ | ५५४ | ८७७६२४ | ६९८८२५४ | ६३३३२८ | ९०७३४५२ | ८०००००० | १७०७३४५१.७२ |
| ५ | १५१७१ | ५०९३४५५.९ | २.०५ | ८१००४७.९८१९ | २७८ | ४४०३९६ | १२८३१४२४ | ११६२८८० | ७५०६७८० | ८०००००० | १५५०६७७९.६३ |
| ६ | ६३७८ | २१४१३२६.३ | ०.६२ | २४४९९०.१२१४ | १९ | ३००९९ | २३६१६३४६ | २१४०२९० | ४५५६७०५ | ८०००००० | १२५५६७०५.४८ |
| ७ | ७३८७ | २४८००८४.३ | १.२३ | ४८६०२८.७८९२ | ४९४ | ७८२५७४ | ६४४६०४६ | ५८४१८९ | ४३३२८७६ | ८०००००० | १२३३२८७६ २८ |
| ८ | १०७१७ | ३५९८०८६.३ | १.७२ | ६७९६५०.०१४१ | ४१७ | ६६०५९४ | ६९६८५७४ | ६३१५४४ | ५५६९८७५ | ८०००००० | १३५६९८७४.७ |
| ९ | १३९९६ | ४६९८९६५.७ | ९.७० | ३८३२९०९.९६३ | ६८१ | १०७८८१२ | ९३४५१०६ | ८४६९२३ | १०४५७६११ | ८०००००० | १८४५७६११.०३ |
| १० | ५८७४ | १९७२११५.२ | १०.६२ | ४१९६४४३.६९२ | ५४७ | ८६६५३५ | २५७८७२१ | २३३७०३ | ७२६८७९७ | ८०००००० | १५२६८७९६.५७ |
| जम्मा | १०७२२७ | ३६०००००० | ७०.८६ | २८०००००० | ५०५० | ८०००००० | ८८२७३४४३ | ८०००००० | ८००००००० | ८००००००० | १६०००००००० |

### क्षेत्रगत बजेट

| वडा न | पुर्वाधार ६०% | आर्थिक बिकास 10 % | मर्मत सभार ४% | वातावरण तथा विपद व्यवस्थापन ४% | सामाजिक विकास स्वास्थ्य तथा शैक्षिक सुधार १३ % | **नगरस्तरीय आयोजनाको लागि साझेदारी ९ %** | **जम्मा बजेट** |
|---|---|---|---|---|---|---|---|
| १ | ९२८३३२४.१२ | १५४७२२०.६९ | ६१८८८८.३ | ६१८८८८.२७ | २०११३८७ | 1392498.619 | 15472206.87 |
| २ | १०६५८५३९.१८ | १७७६४२३.२० | ७१०५६९.३ | ७१०५६९.२८ | २३०९३५० | 1598780.876 | 17764231.96 |
| ३ | १३१९८४७९.४५ | २१९९७४६.५८ | ८७९८९८.६ | ८७९८९८.६३ | २८५९६७१ | 1979771.918 | 21997465.75 |
| ४ | १०२४४०७१.०३ | १७०७३४५.१७ | ६८२९३८.१ | ६८२९३८.०७ | २२१९५४९ | 1536610.655 | 17073451.72 |
| ५ | ९३०४०६७.७८ | १५५०६७७.९६ | ६२०२७१.२ | ६२०२७१.१९ | २०१५८८१ | 1395610.167 | 15506779.63 |
| ६ | ६२७८३५२.७४ | १२५५६७०.५५ | १२५५६७१ | ६२७८३५.२७ | २००९०७३ | 1130103.494 | 12556705.48 |
| ७ | ७३९९७२५.७७ | १२३३२८७.६३ | ४९३३१५.१ | ४९३३१५.०५ | १६०३२७४ | 1109958.865 | 12332876.28 |
| ८ | ८१४१९२४.८२ | १३५६९८७.४७ | ५४२७९५ | ५४२७९४.९९ | १७६४०८४ | 1221288.723 | 13569874.70 |
| ९ | ११०७४५६६.६२ | १८४५७६१.१० | ७३८३०४.४ | ७३८३०४.४४ | २३९९४८९ | 1661184.993 | 18457611.03 |
| १० | ९१६१२७७.९४ | १५२६८७९.६६ | ६१०७५१.९ | ६१०७५१.८६ | १९८४९४४ | 1374191.692 | 15268796.57 |
| जम्मा | ९६०००००.०० | १६०००००.०० | ६४००००० | ६४००००० | २०८००००० | 14400000 | 160000000.00 |

**गणेशराज कार्की**
प्रमुख प्रशासकीय अधिकृत